केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१७/०६६/६७ मितिः २०६६/०७/२३

**यस बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न इजाजतप्राप्त वित्तीय मध्यस्थताको कारोवार गर्ने गैर-सरकारी संस्थाहरु,**

महाशय,

आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिमा घोषणा भए अनुसार गैर-सरकारी संस्थाहरुको कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धमा **"वित्तीय मध्यस्थता सम्बन्धी ऐन तथा नियमावलीमा तोकिएका विद्यमान नीतिगत व्यवस्थाका अतिरिक्त देहाय बमोजिमको शर्तहरु पूरा गरेका"** संस्थाहरुलाई दर्ता भएको जिल्ला बाहेक अन्य जिल्लाहरुमा पनि आफ्नो कार्यक्षेत्र विस्तार गर्न सक्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

<u>शर्तहरुः</u>

(क) संस्था विगत ३ वर्षदेखि सञ्चालनमा रहेको।

(ख) संस्था संचिति नोक्सानीमा नरहेको।

(ग) स्वीकृत क्षेत्रभित्रको सम्पूर्ण जिल्लामा कार्य गरेको हुनुपर्ने।

(घ) न्यूनतम देहाय बमोजिमका समूह सदस्य संख्या पुगेको हुनुपर्ने र सो मध्ये कम्तिमा ५० प्रतिशत महिला हुनुपर्ने।
  (१) काठमाण्डौ उपत्यकामा ३ हजार समूह सदस्य,
  (२) तराईका जिल्लाहरुमा २ हजार समूह सदस्य,
  (३) पहाडी जिल्लाहरुमा १ हजार समूह सदस्य।

(ङ) नियमित रुपमा वार्षिक लेखापरीक्षण गरी साधारण सभा सम्पन्न गरेको हुनुपर्ने।

(च) एक आर्थिक वर्षमा एउटा जोडिएको जिल्लामा मात्र कार्यक्षेत्र विस्तार गर्नुपर्ने।

(छ) यस बैंकबाट समय-समयमा जारी हुने निर्देशनको पूर्णरुपमा पालना गरेको हुनुपर्ने।

माथि उल्लेखित व्यवस्थाको अलावा कार्यक्षेत्र विस्तार सम्बन्धी यस बैंकमा आवेदन दिँदा देहाय बमोजिमका कागजात पेश गर्नुपर्ने छ।

(क) सञ्चालक/कार्य समितिका पदाधिकारीहरुको पूर्ण विवरण (नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र आदि कागजात)।

(ख) कार्य समितिको निर्णय ।

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु।

(घ) संस्था नवीकरण/अनुमतिपत्र नवीकरणको प्रतिलिपि

(ङ) पछिल्लो त्रयमासको प्रगति विवरण।

(च) प्रस्तावित कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धी ३ वर्षे व्यावसायिक योजना।

(छ) कार्य क्षेत्र विस्तार गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णयको प्रतिलिपी।

(ज) यस बैंकले आवश्यक ठानेमा, अन्य आवश्यक विषयहरु।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
७. श्री डेभलपमेण्ट बैंकर्स एशोशिएशन, अनामनगर, काठमाण्डौं।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।